**धनगढी उपमहानगरपालिका**
**DHANGADHI SUBMETROPOLITAN CITY**
**नगर कार्यपालिकाको कार्यालय**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

बिषयःकनरी पार्कलाई बहालमा दिने कार्यको सूचना।
प्रथम पटक प्रकाशित मितिः २०८३।५।२६
ठेक्का न. R9/DSMC/083/084

धनगढी उपमहानगरपालिका वडा न. १५ स्थित धनगढी उपमहानगरपालिकाको स्वमित्वमा रहेको अनुमानित ८ बिगाह क्षेत्रफलमा फैलिएको कनरी पार्कलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा (२) र (३) बमोजिम प्रत्येक २।२ बर्षमा १० प्रतिशतका दरले बृद्धि हुने भाँडा बृद्धि भएको भाँडा समेत मासिक भाँडामा जोडी जम्मा हुने रकममा बढेको प्रतिशतले लागु हुने गरी १० बर्षका लागि बहालमा दिने निर्णय भएको हुंदा इच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

सूचनाका शर्तहरु

१. माथि उल्लेखित कनरी पार्कलाई बहालमा लगाउनका लागि न्यूनतम् बढाबढ ठेक्का अंक बहाल कर सहित मासिक रु ८०,०००। ( असी हजार ) कायम गरिएको छ भने वार्षिक न्यूनतम् बढाबढ ठेक्का अंक रु ९,६०,०००। ( नौ लाख साठी हजार ) कायम गरिएको छ।
२. कवोल ठेक्का रकममा प्रत्येक २।२ बर्षमा १० प्रतिशतका दरले बृद्धि हुने छ। उक्त २/२ बर्षमा बृद्धि हुने भांडा बृद्धि भएको भांडा समेत मासिक भांडामा जोडी जम्मा हुने रकममा बढेको प्रतिशतले लागु हुनेछ।
३. फर्म वा कम्पनीहरूले ठेक्का प्रकृयामा समावेश हुनका लागि फर्म वा कम्पनीको दर्ता प्रमाण पत्र र आ.व. २०८१।०८२ को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ।
४. ठेक्का स्वीकृत भएपछि बार्षिक ठेक्का रकम बराबर २ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बांकी किस्ताको रकम सम्झौतामा उल्लेख भए अनुसारको समय अवधि भित्र बुझाउन पर्नेछ।
५. दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्नु भन्दा पहिला २५ महिना बराबरको नगद रकम वा सो रकम बरावर नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा २५ महिना अवधी भएको कार्य सम्पादन जमानत पेश गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलानको पट्टा पुर्जी प्रदान गरिनेछ।
६. निर्मित भौतिक सामाग्री लगायत अन्य सबै सामाग्रिहरू जे जस्तो अवस्थामा छन सोही अवस्थामा ठेक्का सम्झौता गरिनेछ।
७. निर्मित भौतिक सामाग्री लगायत अन्य सबै सामाग्रिहरूको पूर्ण रूपमा सुरक्षाको ब्यवस्था गर्ने जिम्मेवारी ठेक्का साकार गर्ने पक्षको हुनेछ। हानी नोक्सानी भएमा ठेक्का साकार गर्ने पक्षले तुरून्त मर्मत गर्नु पर्ने छ।

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

८. कनरी पार्कलाई व्यवस्थित तथा दिगो किसिमले सञ्चालन गर्ने, मूल आकृतिमा परिवर्तन नगर्ने गरी आवश्यक नयाँ थप सम्पुर्ण संरचनाहरुको डिजाईन तयारी गरी स्वीकृतीका लागि कार्यालय समक्ष पेश गर्नु पर्ने छ। यसरी पेश भएको डिजाईन पहिलो पक्षबाट स्वीकृति प्राप्त भएपछि मात्र स्वीकृत डिजाईन अनुसार निर्माण कार्य गर्नु पर्ने छ।

९. कनरी पार्कमा थप नया संरचना निर्माण लगायत तपसिलका अन्य आय आर्जनका कृयाकलाप, मर्मत सम्भार, सुरक्षा गर्ने, स्वीकृत डिजाईन अनुसार नयां संरचना थप गर्ने तथा उचित व्यवस्थापन र संचालनका लागि कार्यालयको लिखित अनुमति लिएर मात्र संचालन गर्नु पर्ने छ। ठेकदार पक्षले आफनै खर्चमा नियमित रुपमा उक्त क्षेत्र भित्रका पूर्वाधार संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ।

तपसिल

१. पौडी पोखरीमा पौडी खेल्ने सुविधा
२. पिकनिक सेडहरुमा सामुहिक तथा ब्यक्तिगत रुपले पिकनिक आयोजना गर्ने सुविधा
३. ब्यायाम शाला निर्माण तथा संचालन
४. रेष्टुरेन्ट तथा क्याफे वा फुड कोर्ट निर्माण र सञ्चालन
५. भिडियोवाल निर्माण र सञ्चालन
६. वाल उद्यान वा साना खेलमैदान निर्माण र सञ्चालन
७. कृतिम Waterfall (झरना) निर्माण र सञ्चालन
८. Open Concert / Theatre Shed / Open Parapet
९. Moveable Tables and Chairs
१०. Plunge pool निर्माण र सञ्चालन
११. Climbing wall
१२. Swing Garden of Seated swings
१३. स्वीकृति र सहमतिमा अन्य आवस्यक क्रियाकलाप

१०. कनरी पार्कको सञ्चालन तथा व्यवस्थापन कानुन सम्मत र सम्झौताका शर्तहरुको अधिनमा रही सरल, सुलभ, स्वच्छ, व्यवस्थित रुपमा गर्नु पर्नेछ। ठेकदार पक्षले प्रचलित कानुन विपरित ठहरिने कुनै कार्य सो क्षेत्र भित्र गर्न वा गराउन पाउने छैन। गरेको पाईएमा कानुन बमोजिम कारवाही गरिनेछ।

अधिकृत स्तर आठौं

**धनगढी उपमहानगरपालिका**
**DHANGADHI SUBMETROPOLITAN CITY**
**नगर कार्यपालिकाको कार्यालय**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

११. बहालमा लगाउनु पर्ने कनरी पार्क परिसरमा ठेकदार पक्षले थप संरचना तथा सुबिधाका लगि आवस्यक संरचना निर्माण गर्नु पर्ने भएमा सो बिषयलाई समेत बिचार गरी कुल १० बर्षमा नबढने गरी ४ महिना निर्माण ग्रेस पिरीयड दिन सकिनेछ ।

१२. कनरी पार्कका लागि कार्यालयले आवस्यक ठानेमा सेवाका लागि आवस्यक शुल्कका दरहरु तोक्न सकिनेछ ।

१३. कनरी पार्कलाई दुवै पक्षले छोडन/छोडाउन चाहेको खण्डमा १ बर्ष अगावै छोडन/छोडाउनु पर्ने कारण सहित सुचना दिइ खाली गराउन सकिनेछ । सम्झौता भएको मितिले ५ बर्षभन्दा अघाडि सम्झौता रद्द भएमा ठेकदार पक्षले निर्माण गरेको संरचना आफै उठाएर लैजानु पर्नेछ । यस बापत कुनै क्षतिपुर्ति प्रदान गरिने छैन ।

१४. दुबै पक्ष बीच विविध कारणले गर्दा ५ वर्ष पछि सम्झौता रद्द भएमा वा सम्झौता पत्र बमोजिमको अवधि समाप्त भए पश्चात त्यस क्षेत्रमा निर्माण गरेका सम्पूर्ण भौतिक संरचनाहरू यथास्थितिमा स्वतः धनगढी उपमहानगरपालिकाको हुनेछ भने ठेक्का लिने पक्षले कनरी पार्कको हस्तान्तरण गर्दा सबै भौतिक संरचना एवं अन्य संरचनाहरु रंग रोगन एंव पूर्ण रुपमा मर्मत गरी पूर्व अवस्थामा बुझाउने दायित्व ठेकदार पक्षको हुने छ ।

१५. कनरी पार्कमा निर्माण भएका र निर्माण हुने भौतिक संरचनामा आवस्यक पर्ने बिद्युत, वातावरणीय जगेर्ना, हरियाली प्रवर्दन, फोहोर ब्यवस्थापन, खानेपानी लगायतका अन्य अत्यावश्यक सेवाहरु जडान गर्नुका साथै जडान गर्दा लाग्ने शुल्क तथा त्यस पछीको महशुल तिर्ने जिम्मेवारी स्वयम् ठेकदार पक्षको हुनेछ ।

१६. प्राकृतिक प्रकोप वा अन्य कुनै कारणबाट भौतिक संरचानको टुटफुट वा हानी नोक्सानी भएमा वा गरिएमा सोको मर्मत सम्भार ठेकदार पक्षले आफनो खर्चमा गरी पूर्व अवस्थामा संञ्चालन गर्ने दायित्व हुनेछ । यसको लागि निजले आवश्यक बिमा सम्बन्धि कार्य गर्नु पर्नेछ । संरचनामा हानी नोक्सानी भएको खण्डमा त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति दावी गर्न पाईनेछैन । सम्झौताको अबधि समाप्त हुँदा उक्त तोकिएको क्षेत्र भित्र रहेको सम्पुर्ण भौतिक एवं अन्य संरचनाहरु रंग रोगन एंव पूर्ण मर्मत गरी पूर्व अवस्थामा बुझाउने दायित्व ठेकदार पक्षको हुने छ ।

१७. दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र दाताले आफुले कबोल गरेको बार्षिक ठेक्काअंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न. ४१७०१००३०३००००२ मा जम्मा गरेको

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका
DHANGADHI SUBMETROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ।

१८. दरभाउपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरूले बोलपत्र खरिद वापतको रकम रा. बा. बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा बिद्युतीय प्रणली (राजश्व पोर्टल sutrarevenue.fcgo.gov.np को शिर्षक न. १४२२९ अन्य प्रशासनीक सेवा शुल्क) वा कार्यालयबाट नगद रू १,०००। (पछि फिर्ता नहुने गरी) खरिद गरेको भौचर वा कार्यालयबाट खरिद गरेको भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ।

१९. दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले २२ औ दिनको १२ बजेभित्र दरभाउपत्र पेश गरिसक्नु पर्नेछ। पेश भएका दरभाउपत्र सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा दरभाउपत्र दाता वा निजले तोकेको व्यत्ति उपस्थित हुनु पर्नेछ। उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

२०. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो बिदा पछि कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ।

२१. कुनै पनि फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ। साथै उचित प्रतिस्पर्धा भएको नपाईएमा यस कार्यालयबाट पुनः सूचना प्रकाशित गर्न सक्नेछ।

२२. यस सूचनामा उल्लेख नभएका कुरा दुबै पक्षबीच हुने सम्झौता एंब कार्यालयको निर्णय र प्रचलित ऐन,कानून बमोजिम हुनेछ। साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ।

२३. यो सूचना धनगढी उपमहागरपालिकाको वेवसाइट dhangadhimun.gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ।

अधिकृत स्तर आठौं

धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश ।

दरभाउपत्र दस्तुर रू. १०००।

| सि. न. | बिवरण | बहालका लागि न्युनतम मासिक बहाल रकम ( बहाल कर सहित ) | कबोल गरेको मासिक बहाल रकम (बहाल कर सहित) | | धरौटी रकम |
|---|---|---|---|---|---|
| | | | अंकमा रू. | अक्षरमा रू. | |
| १. | कनरी पार्कलाई बहालमा दिने कार्यका लागि मासिक बहाल रकम | ८०,०००। | | | |

<u>बहालमा लिनेको तर्फबाट:</u>

नाम:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

दस्तखत:

फोन नं.:

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

अधिकृत स्तर आठौं